# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः २४, मितिः २०८१/०१/२४

## भाग - २

# लेकम गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

**प्रस्तावना:** लेकम गाउँपालिकाभित्रका लैङ्गिक हिंसामा परेका उच्च जोखिम अवस्थाका महिलाहरू एवं जोखिम तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुनर्स्थापना गर्न तथा महिलाहरूको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७७" को दफा ३ख र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लेकम गाउँपालिकाले यो स्थानीय "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०" तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम लेकम गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागू हुने छ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कोष" भन्नाले यस कार्यविधि नं. ४ बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँस्तरीय स्थानीय लैङ्गिक हिंसा निवारण कोषलाई सम्झनु पर्दछ,

ख) "गाउँपालिका" भन्नाले लेकम गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ,

ग) "वडा कार्यालय" भन्नाले लेकम गाउँपालिका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ,

घ) "न्यायिक समिति" भन्नाले लेकम गाउँपालिकाभित्र गठित न्यायिक समितिलाई बुझ्नु पर्दछ,

ङ) "आपतकालीन एवं जोखिम अवस्थाका व्यक्ति" भन्नाले स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधिको ११ नं. बुँदामा उल्लिखित महिला, किशोरी तथा बालबालिका सम्झनु पर्दछ,

च) "सञ्चालक" समिति भन्नाले कार्यविधिको ५नं. बुँदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

**३. कोषको उद्देश्य:**

क) जोखिम अवस्थामा रहेका महिला, किशोरी तथा बालबालिका तत्काल उद्धार गर्ने,

ख) विभिन्न कारणबाट जोखिम अवस्थामा रहेका पीडित महिला, किशोरी तथा बालबालिकालाई राहत उपलब्ध गराउने,

ग) आवश्यक कानुनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारमा सहयोग गर्ने,

घ) पारिवारिक मिलन गराउने ।

**४. कोषको स्थापना:**

क) लेकम गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका गाउँभित्रका आपतकालीन अवस्थाका महिला, किशोरी तथा बालबालिका संरक्षण गर्न स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन स्थापना गरिनेछ ।

ख) स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालनमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

१. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. लेकम गाउँपालिकाको गाउँ सभाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघसंस्था वा व्यक्तिबाट सहयोग स्वरप प्राप्त हुने रकम ।

४. कोषलाई अन्य स्रोतबाट प्राप्त हुने रकम आदि ।

**५. सञ्चालक समितिको गठन:** कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको गाउँ सञ्चालक समिति रहने छः

१. गाउँपालिकाका उपाध्यक्ष – अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

३. स्वास्थ्य शाखा प्रमुख – सदस्य

४. प्रहरी चौकी प्रमुख – सदस्य

५. महिला अधिकारको क्षेत्रमा कार्यरत महिला अभियन्तामध्ये उपाध्यक्षबाट मनोनीत १ जना – सदस्य

६. महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:**

क) जोखिम अवस्थामा रहेकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, त्यस्ता पीडित महिला, किशोरी तथा बालबालिकालाई राहत तथा अन्य सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै पीडित महिला, किशोरी तथा बालबालिका उच्च जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा पीडितलाई कानुनी साहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श, स्वास्थ्य उपचार वा नगद सहयोग गर्ने र सोको विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण नगरपालिकामा पेस गर्ने,

ङ) न्यायिक समितिसँग मिलेर जोखिम अवस्थामा रहेका हिंसापीडित महिला, किशोरी तथा बालबालिका तथ्याङ्क सङ्कलन गर्ने गराउने,

च) स्थानीय लैङ्गिक हिंसा निवारण कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) कोषको आयव्ययको विवरण अद्यावधिक गरी गाउँपालिका र न्यायिक समितिमा पेस गर्ने,

ज) कोषको वृद्धिमा सहयोग गर्ने संघसंस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**७) रकम उपलब्ध गराउन सक्ने:**

(१) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारबाट पीडितलाई तत्काल उद्धार, औषधीउपचार, पुनर्स्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७७" को दफा ३ ख २ बमोजिम रु. ५,०००/– सम्म पछि अनुमोदन गर्ने गरी अध्यक्षबाट, रु. १५,०००/– सम्म समितिबाट र सोभन्दा माथि कार्यपालिकाबाट निर्णय गरे बमोजिमको रकम पीडित व्यक्ति वा निजको संरक्षकलाई उपलव्ध गराउन सकिनेछ ।

२) उपदफा १ बमोजिम लैङ्गिक हिंसा पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ तर आवश्यक सहयोगको लागि अन्य निकायमा सिफारिस भने गर्न सकिने छ ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरू:**

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका पीडित महिला, किशोरी तथा बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक:** सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छः

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार हुनेछ,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अद्यावधिक गर्नेछ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान लेकम गाउँपालिकाको महिला तथा बालबालिका शाखा रहनेछ।

**१०. लैङ्गिक हिंसा पीडित अन्तर्गत देहायका महिला, किशोरी र बालबालिकाहरू पर्दछन्:**

क) घरेलु हिंसामा परी शारीरिक, मानसिक तथा यौनजन्य यातनाबाट पीडित रहेका,

ख) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपबाट पीडित भएका,

ग) अपहरण वा शरीर बन्धक बनाई यौनजन्य हिंसाबाट पीडित भएका,

घ) सुस्त मनस्थिति भई आर्थिक अवस्था कमजोर रहेका,

ङ) एच.आइ.भी. संक्रमितबाट प्रभावित भएका,

च) विभिन्न हिंसात्मक घटनाबाट जोखिमयुक्त शारीरिक चोटपटक लागेका,

छ) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन तथा ओसारपसारबाट उच्च जोखिममा परी पीडित रहेका,

ज) विभिन्न कारणले आफन्तको संरक्षणबाट वञ्चित भई जीवनयापन असहज परिस्थितिमा परेका ।

**<u>११. निवेदन दिन सक्ने:</u>** यस कार्यविधिको १० नं. बुँदामा उल्लेख गरिएको लैङ्गिक हिंसा पीडित महिला, किशोरी र बालबालिका उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी लेकम गाउँपालिका वा सम्बन्धित वडाहरूमा बसोवास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले लेकम गाउँपालिकाको गाउँकार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा वा वडा कार्यालयमा विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ।

**<u>१२. खाताको सञ्चालन तथा लेखा परीक्षण:</u>**

(१) कोषको रकम समितिले लेकम गाउँपालिकामा रहेको कुनै पनि बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम १ बमोजिमको खाताको सञ्चालन गाउँ पालिकाका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक शाखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । तथा कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

**<u>१३. कोषको रकम फ्रिज नहुने:</u>** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको व्याख्या तथा संशोधन:** यस कार्यविधिमा भएका व्यवस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिको राय लिई गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था:** कुनै कारणवश स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरूसहित गाउँकार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिका तथा न्यायिक समितिको संयुक्त निणर्यले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकाको सञ्चित कोष खातामा जम्मा हुनेछ ।

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत